# रुरु क्षेत्र



हिन्दु धर्मालम्बीहरुको चारवटा धार्मिक क्षेत्रहरु (रुरु क्षेत्र, बराह क्षेत्र, पाशुपत क्षेत्र, मुक्ति क्षेत्र) मध्ये यो एक क्षेत्र रुरु हो। स्कन्ध पुराणको माघ महात्म्य (स्वस्थानी) मा सतिदेवीको दन्त पतन भएको उल्लेख छ। रुरु अर्थात मृगले देवदत्त ऋषिको पुत्रीलाई स्तनपान गराई हुर्काएको कारण तिनलाई रुरु कन्या भनियो। पछि तिनै कन्याले यहाँ कठोर तपश्या गरी मुक्ति पाएकोले उनै कन्याको नामबाट रुरु क्षेत्र भनी चिनिन थाल्यो। कन्याको कठोर तपस्या देखि प्रशन्न हुनु भएका नारायणले भन्नु भयो अब उप्रान्त यो स्थान रुरुक्षेत्र नामले प्रख्यात हुनेछ।भगवान ह्रिषीकेश स्वयं प्रकट हुनुभएको हो र संसारमा यति सुन्दर मूर्ति अन्त कतै छैन। यो क्षेत्रमा जसले स्नान गरी तीन दिन यहाँ रही चतुरबाहु ह्रिषीकेशको दर्शन गर्छन त्यो पवित्र हुन्छ। त्यसैले यस स्थानमा माघे संक्रान्तिमा तीन दिन मेला लाग्ने गर्दछ। यहाँको मेलाको पहिलो, दोस्रो र तेस्रो दिनलाई जेठी संक्रान्ति, माइली सक्रान्ति र कान्छी सक्रान्ति भनिन्छ। मानिस जन्मदै तीन वटा ऋणः देव ऋण, पितृ ऋण र ऋषि ऋण लिएर आएको हुन्छ। जो व्यक्ति हिमालयदेखि वग्दै आएको शालग्राम स्नान गरेकी गण्डकी माताको जलले रुरु क्षेत्रमा स्नान गरी ह्रिषीकेशको दर्शन गर्छ, सो व्यक्तिको पाप पखालिन्छ भन्ने मान्यता छ।यस ह्रिषीकेश परिसरलाई सन २००८ मा युनेस्कोले सम्भावित विश्व सम्पदा क्षेत्र सूचीमा सामेल गरेको छ।भगवान विष्णुको प्रतिक शालग्राम कालीगण्डकी नदीको तटीय क्षेत्रमा पाइन्छ।